भाग-२

## अर्थ करेन्सी एन्ड एक्सचेन्ज विभागको सूचना

तपसीलमा लेखिएका धातु डिजाइनको ४ चार पैसे पैसा टकमरी मै २०१२ साल वैशाख १ गतेदेखि चलन चल्तीमा ल्याइने भएको हुनाले सर्व–साधारणलाई ज्ञात होस् भन्नानिमि यो सूचन प्रकाश गरएको छ।

तपसील

धातु————पीत्तल

डाइ मेटर—— ·७५ इन्ची

डिजाइन——बिचमा प्वाल भएको

एकापट्टी—श्री भवानी, दायाँ बायाँ पाँच कुने बुट्टा र साल किटेको।

अर्कोपट्टी—श्री नेपाल सरकार, दायाँ बायाँ चन्द्र सूर्य र चार ४ पैसा किटिएको।

आज्ञाले—
चूडानन्द वैद्य,
का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको …चना

६०२ २६।१२।०११

नयाँ तलब सम्बन्धित ०६।३।३ मा प्रकाशित भएको गजेटमा मासिक रु. २६६ देखि बढी तलब खानेको महँगी भत्ताको दरबन्दी नभएकोले नयाँ तलब सम्बन्धित प्रकाशित भएको पेस्केलमा बस्न मन्जूर नगरी साविक तलब खान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

मन्जूर भरी बस्नेहरुमा पनि मासिक रु. २६६ देखि बढी तलब खानेलाई साबिकमा कुनै किसिमको महँगी भत्ता दिई लिई आएको भए सो दिन लिन नपाउने भएको हुँदा सूचना जारी गरिदिएको छ ।

आज्ञाले—
चूडानन्द वैद्य,
का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालय (आय-विभाग) को सूचना

११ गृ. वि. ६३।८२६६ २६।१२।०११

काठमाडौं सिनेमा हलहरुमा एक हप्तामा ५ दिन मात्र सिनेमा देखाउन पाउने भनि यसअघि प्रकाश भएकोमा प्रत्येक हप्तामा दुइ दिन बन्द हुनेमा आदित्यबार र बुधबार काठमाडौं उपत्यकाका कुनै पनि हलले सिनेमा देखाउन नपाइने निर्णय भएकोले सर्वसाधारणलाई थाहा होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ ।

आज्ञाले—
चूडानन्द वैद्य,
का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।